नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुरको

२०७५ सालको कक्षा ११ को ग्रेडवृद्धि (पुरक) परीक्षा सम्बन्धी अत्यन्त जरूरी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयद्वारा २०७५ साल वैशाख/जेठ महिनामा सञ्चालन भएको कक्षा ११ को वार्षिक परीक्षामा नियमित परीक्षार्थीको रुपमा सम्मिलित भई देहाय बमोजिमका मापदण्ड पुरा गरेका परीक्षार्थीहरुको ग्रेडवृद्धि (पुरक) परीक्षा २०७५ साल मंसिर ८ गते शनिबारका दिन संचालन हुने भएको हुँदा उक्त ग्रेडवृद्धि (पुरक) परीक्षामा सम्मिलित हुन इच्छुक परीक्षार्थीले परीक्षा आवेदन फारम र तोकिएको परीक्षा शुल्क बुझाई सम्बन्धित विद्यालयका प्र.अ./प्राचार्यबाट प्रमाणित गराई तपसिल बमोजिमका स्थानहरूमा सम्बन्धित विद्यालय मार्फत परीक्षा आवेदन फारम बुझाउनु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

१. ग्रेडवृद्धि (पुरक) परीक्षामा सहभागीताका लागि तय गरिएका मापदण्डहरु

क) अन्य सबै विषयमा C वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी कुनै एक विषयमा मात्र अनुपस्थित वा D^+ प्राप्त गरेका परीक्षार्थीहरुले अनुपस्थित वा D^+ प्राप्त गरेको विषयमा ग्रेडवृद्धि (पुरक) परीक्षामा सहभागी हुन सक्नेछन् ।

ख) अन्य सबै विषयमा D^+ वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी कुनै एक विषयमा मात्र अनुपस्थित वा D वा E ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले D वा E ग्रेड प्राप्त गरेको वा अनुपस्थित रहेको कुनै एक विषयमा ग्रेडवृद्धि (पुरक) परीक्षामा सम्मिलित हुन सक्नेछन् ।

ग) अन्य सबै विषयमा D^+ वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी कुनै एक प्रयोगात्मक विषयमा अनुपस्थित वा C वा D^+ वा D वा E ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले समेत उक्त प्रयोगात्मक विषयको परीक्षामा नियमानुसार आवेदन फाराम भरी ग्रेडवृद्धि (पुरक) परीक्षामा सहभागी हुन पाउने छन् ।

२. फाराम बुझाउने शाखा कार्यालयहरु :

क) मेची र कोशी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय विराटनगर, मोरङ्ग ।

ख) सगरमाथा अञ्चलका (सोलुखुम्बु जिल्लाका परीक्षार्थीहरूबाहेक) विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय लहान, सिराहा ।

ग) जनकपुर अञ्चलका सिन्धुली, धनुषा महोत्तरी र सर्लाही जिल्लाका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय जनकपुर, धनुषा ।

घ) नारायणी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय हेटौंडा, मकवानपुर ।

ङ) बागमती अञ्चलका सम्पूर्ण र दोलखा, रामेछाप तथा सोलुखुम्बु जिल्लाका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय काठमाण्डौं ।

च) गण्डकी र धौलागिरी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय पोखरा, कास्की ।

छ) लुम्बिनी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय बुटवल, रूपन्देही ।

ज) राप्ती अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय घोराही, दाङ्ग ।

झ) भेरी र कर्णाली अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय कोहलपुर, बाँके ।

ञ) कैलाली र कञ्चनपुर जिल्लाका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय धनगढी, कैलाली ।

ट) बाजुरा, बझाङ्ग, अछाम, डोटी, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लाका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय डडेल्धुरा ।

३. ग्रेडवृद्धि (पुरक) परीक्षामा सम्मिलित हुने परीक्षार्थीको परीक्षा आवेदन फारम शुल्क प्रति विद्यार्थी **रु. ६०० (छ सय मात्र) का दरले हुने रकमको बैंक भौचर मिति २०७५ कार्तिक २८ गते भित्रको हुनु पर्नेछ ।** उक्त समय भित्र बैंक भौचर नबुझाएका परीक्षार्थीका लागि **प्रति विद्यार्थी दोब्बर शुल्क रु. १२०० (एक हजार दुई सय मात्र) का दरले हुने रकमको बैक भौचर मिति २०७५ मंसिर २ गतेभित्रको** हुनु पर्ने छ । उक्त परीक्षा आवेदन फारमहरु **२०७५ मंसिर ३ गते कार्यालय समयभित्र** सम्बन्धित शाखा कार्यालयहरूमा अनिवार्य रूपमा बुझाउनु पर्ने छ । तत् पश्चात प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही हुने छैन ।

४. परीक्षा आवेदन फारम साथ website बाट डाउनलोड गरेको कक्षा ११ को ग्रेडसिट/लेजर संलग्न गर्नु पर्नेछ ।

उक्त परीक्षार्थीहरूको परीक्षा मिति **२०७५ मंसिर ८ गते शनिबार** (24 November, 2018) बिहान ११:०० बजेदेखि २:०० बजेसम्म सञ्चालन हुनेछ । परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ ।

पुनश्चः

☞ राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयहरूले समेत यसै सूचनालाई आधार मानी आ-आफ्नो क्षेत्र भित्रका विद्यालयहरूलाई माथि उल्लेख गरे बमोजिम गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

☞ राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा ११ को परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटी (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, र.नं. फरक पर्ने आदि) देखिएमा सम्बन्धित शाखा कार्यालयहरू वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र (२०७५ चैत्र १९ गतेसम्म) आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

– परीक्षा नियन्त्रक

२०७५/०६/२०